# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्या:-०८०/०८१
चलानी नं.:- २६८६

### रामधुनी नगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना
(दोस्रो पटक प्रकाशित मिति २०८१।०३।०६ गते)

रामधुनी नगरपालिकाद्वारा आ.व. २०८१।८२ का लागि आर्थिक ऐन २०८० को दफा ११, प्रचलित कानून तथा रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार आन्तरिक आय ठेक्काहरू बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि दोस्रो पटक मिति २०८१/०३/०६ को दैनिक पत्रिकामा यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अङ्क रु. मु.अ.क. सहित | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. मा | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | RMD/SQ/01R/080/81(राजस्व) | साप्ताहिक बुधवारे र शनिवारे हाट तथा गुद्री वडा नं १ र ५ झुम्का | एक वर्ष | रु.११५५००००।- | १०००। | २०८१।०३।२० गते कार्यालय समय भित्र | २०८१।०३।२१ गते दिउसो १२:०० बजे सम्म | २०८१।०३।२१ गते दिउसो २:०० बजे |
| २. | RMD/SQ/02R/080/81(राजस्व) | साप्ताहिक आइतवारे र विहिवारे हाट वडा न ६ | एक वर्ष | रु.५५००००।- | १०००। | २०८१।०३।२० गते कार्यालय समय भित्र | २०८१।०३।२१ गते दिउसो १२:०० बजे सम्म | २०८१।०३।२१ गते दिउसो २:०० बजे |

शर्तहरु:

१. शिलवन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस सूचनामा तोकिएको मिति र समय भित्र यस नगरपालिकाको राजस्व प्रशासन शाखावाट खरिद गर्नुपर्नेछ।

२. शिलवन्दी दरभाउपत्र साथ कवोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत वापत यस कार्यालयको नाममा रहेको एनअइसी एसिया झुम्काको धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा जम्मा गरेको सक्कले वैङ्क भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यताप्राप्त "क" वर्गको वाणिज्य वैंकवाट कम्तिमा ९० दिन म्याद कायम रहेको वैंक जमानत पत्र संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दरखास्त पेश गर्न सकिनेछ।

३. शिलवन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।

४. छुट्टा-छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

५. रीतपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

योजना अधिकृत
रामधुनी नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

CamScanner

# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्या:-०८०/०८१
चलानी नं.:- २६८६

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन।
७. दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०७९।८० को कर चुक्ता भएको प्रतिलिपि, फर्म नवीकरण भएको प्रतिलिपि, व्यवसाय दर्ता नविकरण भएको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ।
८. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझांउनु पर्नेछ।
९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ।
१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको वखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाव गरी ठेक्का रकम दामासाहीले घटाइनेछ।
११. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ र कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको वखतमा, दोस्रो किस्ता २०८१ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८१ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ। किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०८२ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैङ्कवाट जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ।
१२. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ।
१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैङ्क ग्यारेण्टीवाट असुल गर्न बाँकी रकम असुल उपर गरिनेछ।
१४. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा वढी लिन पाइने छैन। वढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून वमोजिम कारवाही गर्न सकिनेछ।
१५. ठेक्का सञ्चालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ।
१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि नगरपालिका कार्यालयले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फवाट छपाई नगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ।
१७. दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो वढी कवोल गर्नेसँग सम्झौता गरिनेछ।
१८. विगतमा नगरपालिकाले लगाएको ठेक्का लिई कवोल अंक चुक्ता नगरेको ठेकेदारवाट ठेक्का वक्यौता रकम चुक्ता नभएमा निजवाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन।
१९. कुनै पनि चिठ्ठी, तार टेलिफोन, फ्याक्सवाट आएको पत्रलाई मान्यता दिइने छैन।
२०. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ।
२१. शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
२२. नेपाल सरकार, अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ।
२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई विस्तृत विवरण वुझ्न सकिनेछ।
२४. कर, दस्तुर, शुल्क संकलनको दररेट सहितको सुची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ। उक्त सुचीको वोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सुचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पाइनेछ।
२५. सवै हटियाको ठेक्का सकार गर्नेले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्नेछ।
२६. यस सूचनामा उल्लेख भएका शर्त यसै वमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ।

योजना अधिकृत
रामधुनी नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

CamScanner